# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाडौं, मंसिर २६ गते, २०७४ साल (संख्या ४३

## भाग ३

### नेपाल सरकार

### संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले पर्यटन ऐन, २०३५ को दफा ११ बमोजिमको स्तर निर्धारण समितिको सिफारिसमा होटल, लज, रेष्टुराँ, बार तथा पथ, प्रदर्शक नियमावली, २०३८ को नियम ५ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी खण्ड ६३, संख्या २९ मिति २०७० साल कात्तिक ४ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित एकतारे देखि पाँचतारे डिलक्स स्तरसम्मका होटल र पर्यटक आवास (रिसोर्ट) सम्बन्धी आदेशमा देहाय बमोजिम संशोधन गरेको छ :-

१. अनुसूची-१ मा,-

(क) प्रकरण १ को

(१) खण्ड क. को उपखण्ड (१) को सट्टा देहायको उपखण्ड (१) राखिएको छ :-

"(१) होटल परिसरभित्र उपयुक्त तरिकाले व्यवस्था भएको बगैंचा हुनुपर्ने,"

(२) खण्ड ख. को उपखण्ड (७) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर गाडी नपुगेको स्थानमा सञ्चालन हुने होटलको हकमा पार्किङ व्यवस्था अनिवार्य हुने छैन ।"

(ख) प्रकरण ५ को खण्ड क. को उपखण्ड (१) को सट्टा देहायको उपखण्ड (१) राखिएको छ :-

"(१) काठमाडौं उपत्यकामा रहने होटलको हकमा कम्तीमा २० वटा र काठमाडौं उपत्यका बाहिर रहने होटलको हकमा कम्तीमा १५ वटा सुत्ने कोठा हुनुपर्ने ।"

२. अनुसूची-२ को,-

(क) प्रकरण १ को,-

(१) खण्ड क. को उपखण्ड (१) को सट्टा देहायको उपखण्ड (१) राखिएको छ :-

"(१) होटल परिसरभित्र उपयुक्त तरिकाले व्यवस्था भएको बगैंचा हुनुपर्ने,"

(२) खण्ड ख. को उपखण्ड (७) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर गाडी नपुगेको स्थानमा सञ्चालन हुने होटलको हकमा पार्किङ व्यवस्था अनिवार्य हुने छैन ।"

(ख) प्रकरण ५ को खण्ड क. को उपखण्ड (१) को सट्टा देहायको उपखण्ड (१) राखिएको छ :-

"(१) काठमाडौं उपत्यकाको हकमा कम्तीमा ४० वटा र काठमाडौं उपत्यका बाहिर रहने होटलको हकमा कम्तीमा ३० वटा कोठा हुनुपर्ने ।"

३. अनुसूची-३ को,-

(क) प्रकरण १ को,-

(१) खण्ड क. को उपखण्ड (१) को सट्टा देहायको उपखण्ड (१) राखिएको छ :-

"(१) होटल परिसरभित्र उपयुक्त तरिकाले व्यवस्था भएको बगैंचा हुनुपर्ने,"

(२) खण्ड ख. को उपखण्ड (७) मा देहायको प्रतिबन्धात्मक वांक्यांश थपिएको छ :-

"तर गाडी नपुगेको स्थानमा सञ्चालन हुने होटलको हकमा पार्किङ व्यवस्था अनिवार्य हुने छैन ।"

(ख) प्रकरण ५ को खण्ड क. को उपखण्ड (१) को सट्टा देहायको उपखण्ड (१) राखिएको छ :-

"(१) काठमाडौं उपत्यकाको हकमा कम्तीमा ६० वटा र काठमाडौं उपत्यका बाहिर रहने होटलको हकमा कम्तीमा ४५ वटा कोठा हुनुपर्ने ।"

४. अनुसूची-४ को,-

(क) प्रकरण २ को खण्ड ढ. को उपखण्ड (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर उच्च हिमाली क्षेत्रमा स्थापना हुने होटलको हकमा पौडी पोखरी (Swimming Pool) अनिवार्य हुनेछैन ।"

(ख) प्रकरण ५ को खण्ड (१) को सट्टा देहायको खण्ड (१) राखिएको छ :-

"(१) काठमाडौं उपत्यकामा रहने होटलको हकमा कम्तीमा ८० वटा र काठमाडौं उपत्यका बाहिर रहने होटलको हकमा कम्तीमा ६० वटा सुत्ने कोठा हुनुपर्ने ।"

५. अनुसूची-५ को,-

(क) प्रकरण २ को खण्ड ण. को उपखण्ड (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर उच्च हिमाली क्षेत्रमा स्थापना हुने होटलको हकमा पौडी पोखरी (Swimming Pool) अनिवार्य हुनेछैन ।"

(ख) प्रकरण ५ को खण्ड क. को उपखण्ड (१) को सट्टा देहायको उपखण्ड (१) राखिएको छ :-

"(१) काठमाडौं उपत्यकामा रहने होटलको हकमा कम्तीमा १०० वटा र काठमाडौं उपत्यका बाहिर रहने होटलको हकमा कम्तीमा ८० वटा सुत्ने कोठा हुनुपर्ने ।"

आज्ञाले,
महेश्वर न्यौपाने
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।-
गो.हु.द.नं. १६।२०६२।६३